प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
शैक्षिक योजना तथा अनुसन्धान महाशाखा
धनगढी – कैलाली , नेपाल
२०७४

फोन नं : ०९१-५२५२२०
फ्याक्स नं :०९१-५२७१६८
वेवसाइट : mosd.p7.gov.np
ईमेल: mosdeducation077@gmail.com
: mosdkailali07@gmail.com

पत्र संख्याः
चलानी नं ५८३

मितिः २०७८।०७।११

विषयः प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

श्री सुदूरपश्चिम प्रदेश स्थित
सामुदायिक तथा सार्वजनिक पुस्तकालय सबै।

प्रस्तुत विषय सम्बन्धमा चालु आर्थिक वर्ष २०७८।०७९ को सामाजिक विकास मन्त्रालयको स्वीकृत बार्षिक विकास कार्यक्रममा प्रदेश स्थित सामुदायिक तथा सार्वजनिक पुस्तकालयलाई पुँजीगत अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले तपसिलको प्रकृया अनुसार प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

जयदेव महरा
शाखा अधिकृत

शाखा अधिकृत

तपसिलः

१. प्रस्ताव पेश गर्ने स्थानः- सामाजिक विकास मन्त्रालय वा जिल्लास्थित सामाजिक विकास कार्यालय।
२. अन्तिम मिति र समयः- २०७८।०७।३० गते अपरान्ह ४ बजे सम्म।
३. प्रस्तावमा पुस्तकालयको सामान्य परिचय, भौतिक अवस्था, पुस्तक, पत्रपत्रिका, जर्नल आदि विवरण, दैनिक सेवाग्राही विवरण, कर्मचारी व्यवस्थापन, समुदायको सहयोग, समुदायका लागि पुस्तकालयको उपयोगिताको अवस्था, गत आर्थिक वर्षहरुमा विभिन्न निकायबाट प्राप्त गरेको अनुदान र सो को खर्चको अवस्था, पुस्तकालयको तत्कालको समस्या र आवश्यकता, समस्या समाधानका लागि स्थानीय तह, स्थानीय समुदायबाट गरिएका प्रयासको अवस्था। अनुदान रकमबाट पुस्तकालयले खर्च गर्न चाहेको विवरण, अनुमानित लागत, लगायतका विषयमा स्पष्ट खुलाउनु पर्नेछ। पुस्तकालयको पान नं, लेखा परीक्षण प्रतिवेदन, गत बर्षको अनुदान कार्यक्रमबाट व्यवस्थापन गरिएका सामग्री तथा कृयाकलाप विवरण, सार्वजनिक परीक्षण, वार्षिक प्रगति समिक्षा, साधारण सभा बसेको विवरण लगायत स्पष्ट उल्लेख गर्नु पर्नेछ।
४. अनुदान रकम खर्च गर्न पुस्तकालय व्यवस्थापन समितिको निर्णय संलग्न राख्नु पर्नेछ।
५. पुस्तकालयलाई अनुदान निकासा दिने प्रयोजनका लागि पुस्तकालयको खाता नं, अंग्रेजीमा नाम, ठेगानाको स्पेलिङ स्पष्ट हुने गरी चेकबुकको फोटोकपि संलग्न राख्नु पर्नेछ।

बोधार्थः

१. श्री शिक्षा विकास निर्देशनालयः सूचना तथा जानकारीका लागि अनुरोध ।
२. श्री सामाजिक विकास कार्यालय ९ वटैः सूचना, जानकारी तथा प्रस्ताव संकलन गरी मन्त्रालयमा पेश गर्नका लागि अनुरोध।
३. श्री सम्बन्धित स्थानीय तहः सूचना तथा जानकारीका लागि अनुरोध ।